गाउँकार्यपालिकाबाट स्वीकृत मिति २०७४।१०।१९

# पदाधिकारी सेवा सुविधा संबन्धी कार्यविधि

# २०७४

## मालिका गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## अर्खावाङ्ग गुल्मी

## वैठक भत्ता तथा भ्रमण खर्च सम्बन्धी निर्देशिका, २०७४

गाउँपालिकामा बस्ने विभिन्न बैठक तथा पदाधिकारीहरुबाट हुने भ्रमण खर्चलाई पारदर्शी, व्यवस्थित बनाउन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाबाट मिति २०७४/१०/१९ को बैठकले स्वीकृत गरी यो निर्देशिका लागु गरिएको छ ।

### १. गाउँसभा बैठक भत्ता सम्बन्धी व्यवस्था :

(क) गाउँसभाको बैठकमा उपस्थित पदाधिकारीहरुलाई प्रत्येक गाउँसभा बैठक वापत प्रति बैठक प्रति व्यक्ति रु १५००/- (अक्षरेपी पन्ध्र सय ) का दरले नियमानुसारको कर कट्टी गरी बैठक भत्ता उपलब्ध गराइनेछ ।

(ख) गाउँसभाको बैठमा सदस्य सचिवको भूमिका निर्वाह गर्ने प्रमुख प्रशासकीय अधिकृत समेत सदस्यका रुपमा समावेश गरिनेछ ।

(ग) गाउँसभा बैठक संचालनार्थ आवश्यक सहयोगका लागि वढीमा २ जना कर्मचारीहरु राख्न पाउनेछ र निजहरुले पनि प्रत्येक बैठकको प्रति व्यक्ति रु १५००/- (अक्षरेपी पन्ध्र सय ) का दरले नियमानुसारको कर कट्टी गरी बैठक भत्ता उपलब्ध गराइनेछ ।

(घ) गाउँसभा बैठकमा उपस्थित सदस्य तथा सहयोगार्थ खटिने कर्मचारीहरुलाई खाजा वा खाना खाजा दुवैको व्यवस्था कार्यालयले गर्नेछ । खाजा खाना वापत भनेर कुनै पनि रकम उपलब्ध गराइने छैन ।

### २. गाउँ कार्यपालिका बैठक भत्ता सम्बन्धी व्यवस्था :

(क) कार्यपालिकाको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ । कार्यपालिकाको कामको बोझका आधारमा आवश्यकताको अनुसार जति पटक पनि कार्यपालिकाको बैठक बस्न सक्नेछ । कार्यपालिकाको बैठकमा उपस्थित पदाधिकारीहरुले प्रत्येक बैठक वापत प्रति बैठक प्रति व्यक्ति रु १५००/- (अक्षरेपी एक हजार पाच सय मात्र ) का दरले नियमानुसारको कर कट्टी गरी बैठक भत्ता पाउनेछ ।

(ख) कार्यपालिकाको बैठमा सदस्य सचिवको भूमिका निर्वाह गर्ने प्रमुख प्रशासकीय अधिकृत समेत सदस्यका रुपमा समावेश गरिनेछ ।

(ग) कार्यपालिकाको बैठक संचालनार्थ आवश्यक सहयोगका लागि वढीमा २ जना कर्मचारीहरु राख्न पाउनेछ र निजहरुले पनि प्रत्येक बैठकको प्रति व्यक्ति रु १५००/- (अक्षरेपी एक हजार पाँच सय मात्र ) का दरले नियमानुसारको कर कट्टी गरी बैठक भत्ता पाउनेछ ।

(घ) कार्यपालिकाको बैठकमा उपस्थित सदस्य तथा सहयोगार्थ खटिने कर्मचारीहरुलाई खाजा वा खाना खाजा दुवैको व्यवस्था कार्यालयले गर्नेछ । खाजा खाना वापत भनेर कुनै पनि रकम पाउनेछैन ।

**३. वडा समिति बैठक भत्ता सम्बन्धी व्यवस्था :**

(क) वडा समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ तर महिनामा तीन पटक भन्दा वढी बैठक बसेको भत्ता पाइनेछैन । वडा समितिको बैठकमा उपस्थित पदाधिकारीहरुले प्रति बैठक प्रति व्यक्ति रु १५००/- (अक्षरेपी एक हजार पाच सय मात्र) का दरले नियमानुसारको कर कट्टी गरी बैठक भत्ता पाउनेछ ।

(ख) वडा सचिवले वडा समितिको बैठकमा सचिवको रुपमा काम गर्नेछ तर कुनै पनि वडा मा कार्यालय सहायकले वडा सचिव भई वा वडा सचिवले गर्ने कामकाज गर्दै आएको अवस्थामा निज पनि सदस्यका रुपमा समावेश हुनेछ ।

(ग) वडा समितिको बैठकमा उपस्थित सदस्य तथा सहयोगार्थ खटिने कर्मचारीहरुलाई खाजा वा खाना खाजा दुवैको व्यवस्था वडा समितिको कार्यालयले गर्नेछ । खाजा खाना वापत भनेर कुनै पनि रकम पाउनेछैन ।

**४. विषयगत समिति लगायत अन्य समितिहरुको बैठक भत्ता सम्बन्धी व्यवस्था :**

(क) विषयगत समितिको बैठकमा उपस्थित पदाधिकारीहरुले प्रत्येक बैठकमा प्रति व्यक्ति रु १५००/- (अक्षरेपी एक हजार पाच सय मात्र) का दरले नियमानुसारको कर कट्टी गरी बैठक भत्ता पाउनेछ । साथै बैठकमा सचिवको कार्य गर्ने कर्मचारी समेत सदस्यका रुपमा समावेश हुनेछ ।

(ख) विषयगत समिति वा अन्य समितिहरुको बैठक संचालनार्थ आवश्यक अनुसार कुनै विषय विषेशज्ञ लाई बोलाई कुनै विषयमा राय सल्लाह सुझाब लिनु परेमा निजहरुले पनि प्रत्येक बैठकको प्रति व्यक्ति रु १५००/- (अक्षरेपी एक हजार पाच सय मात्र ) का दरले नियमानुसारको कर कट्टी गरी बैठक भत्ता पाउनेछ ।

(ग) विषयगत समिति वा अन्य समितिहरुका बैठकमा उपस्थित सदस्य तथा सहयोगार्थ खटिने कर्मचारीहरुलाई खाजा वा खाना खाजा दुवैको व्यवस्था वडा समितिको कार्यालयले गर्नेछ । खाजा खाना वापत भनेर कुनै पनि रकम पाउनेछैन ।

**५. पदाधिकारीहरुको भ्रमण खर्च सम्बन्धी व्यवस्था :**

(क) गाउँपालिकाको सरकारी कामकाजको सिलसिलामा मुलुकभित्र भ्रमण गर्नुपर्दा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षले भ्रमण खर्च नियमावली, २०६४ बमोजिम रा प द्वितीय

तहले  प्राप्त गर्ने भत्ता पाउनेछन । त्यसैगरी वडा अध्यक्ष र सदस्यहरुले सोही नियमावली बमोजिम रा प अनं प्रथम तहले पाउने भत्ता पाउनेछन ।

(ख) गाउँपालिकाको सरकारी कामकाजको सिलसिलामा पदाधिकारीहरु मुलुकभित्र भ्रमण गर्नुपर्दा भ्रमणको लागि यातायातको टिकट खरीद गर्नुपर्ने भएमा टिकट खरीद गर्दा लागेको रकम कार्यालयले भुक्तानी दिईनेछ ।

(ग) तर कुनै पनि गोष्ठी, सेमिनार, तालिमा आदिमा आयोजक संस्था आफैले भ्रमण खर्च व्यहोर्ने भनी उल्लेख भई आएमा गाउँपालिकाबाट भ्रमण खर्च भूक्तानी हुनेछैन ।

**६. काज स्वीकृत गर्ने सम्बन्धी व्यवस्था :**

(क) उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा वडा अध्यक्ष एवं सदस्यहरुको काज स्वीकृत गाउँपालिकाको अध्यक्षबाट हुनेछ । गाउँ कार्यपालिकाको कार्यालय, विषयगत शाखा, वडा समितिका कार्यालयका कर्मचारीहरुको  काज  स्वीकृत गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ ।

**७. ईन्धन तथा सवारी साधन मर्मत**

१. गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षले कार्यालयको सवारी साधन प्रयोग गर्दा खपत गरेको ईन्धन वापतको रकम गाउँपालिकाले भुक्तानी गर्नेछ तर निजि सवारी साधन  कार्यालय प्रयोजनका लागि प्रयोग गरेमा मासिक २० (विस) लिटर पेट्रोल भन्दा बढी भुक्तानी दिईने छैन ।
२. वडा अध्यक्षहरुलाई मासिक रुपमा कार्यालय प्रयोजनमा कार्यालयको सवारी साधन प्रयोग गरे वापत प्रयोग वढीमा मासिक ३००० रकम उपलब्ध गराउने छ ।
३. कार्यालयको सवारी साधन प्रयोग गर्दा नियमित ममर्त सम्भार तथा अन्य खर्च कार्यालयले व्यहोर्ने छ तर निजी सवारी साधन प्रयोग गर्दा सोको मर्मत सम्भार तथा अन्य कुनै किसिमको भुक्तानी कार्यालय बाट दिईने छैन ।

**८. सञ्चार सुविधा**

१. अध्यक्ष, उपाध्यक्ष तथा वडा अध्यक्षहरुलाई कार्यालयले एक एक थान पोष्टपेड सिम कार्ड उपलब्ध गराउने छ ।
२. कार्यालयले उपलब्ध गराएको प्रत्येक सिमकार्डमा बढीमा मासिक रु १०००।०० (एक हजार) कार्यालयले भुक्तानी गर्नेछ । तर यस्तो भुक्तानी लिन सिमकार्ड प्रयोग कर्ताले नेपाल

टेलिकममा नै गएर भुक्तानी गरेको हुनु पर्नेछ गाँउपालिका अध्यक्षलाई आवश्यकता अनुसार रकम भुक्तानी गरिनेछ ।

३. कार्यपालिका सदस्यहरुलाई मासिक रुपमा रु ५०० (पाच सय मात्र) सन्चार सुविधा उपलब्ध गराईने छ ।

**९) विविध**

१. यो कार्यविधि प्रदेश कानूनले सेवा सुविधा बनाएर लगु गरेमा स्वतः निष्कृय हुनेछ ।

**१०. थपघट, हेरफेर वा संशोधन :**

कार्यपालिकाले यस निर्देशिकालाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ ।

**११. वाधा अडकाउ फुकाउने अधिकार :**

(क) यस निर्देशिका कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यपालिकाको हुनेछ ।

(ख) तर प्रचलित ऐन, नियम र यस निर्देशिकाको मूलभूत कुरालाई असर गर्ने गरी बमोजिमको बाधा अडकाउ फुकाउने अधिकारको प्रयोग गर्न सकिने छैन ।

**१२. यसै बमोजिम भए गरेको मानिने :**

यो निर्देशिका स्वीकृत हुनुपूर्व गाउँपालिकाको गाउँसभा, कार्यपालिका, वडा समिति लगायत अन्य समितिको बैठक बसे वापतको बैठक भत्ताहरु एवं पदाधिकारीहरुको भ्रमण खर्चहरु यसै निर्देशिका अनुरुप भए गरेको मानिनेछ ।